प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/०७/०३


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्था:

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचास प्रतिशत (४९.७८%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढीरहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १३६०३६ (१००%) | ६७७२५ (१००%) |
| निको भएको | ९४५०१ (६९.५%) | ४२२९७ (६२.५%) |
| उपचाररत | ४०७७८ (२९.९%) | २५०८८ (३७.०%) |
| मृत्यु भएको | ७५७ (०.५६%) | ३४० (०.५०%) |
| श्रोत: | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०३ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०३ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०७/०३

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइसीयु र भेन्टिलेटरमा भएका बिरामीकोसंख्याः

गत २४ घण्टामा १५३ जना संक्रमितको आइसियुमा उपचार भइहेको छ (काठमाण्डौ उपत्यकाभित्र १०४ र बाहिर ४९) जसमध्ये ३८ जना भेन्टिलेटरमा हुनुहुन्छ (काठमाण्डौ उपत्यकाभित्र ३० र बाहिर ८) ।

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

काठमाण्डौ-४, भक्तपुर-३, ललितपुर-२, चितवन-१, सिन्धुली-१ (**कुल जम्मा - ११**)

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- डिल्लीबजार, काठमाण्डौकी ८२ वर्षिया महिलालाई निमोनिया र मुटुको समस्या भई कार्तिक २ गते काठमाण्डौ मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ ।उहाँको कार्तिक २ गते नै कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचाप र मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो | लैनचौर-२६, काठमाण्डौका ६६ वर्षीय पुरुषलाई निमोनिया भई असोज १६ गते सशस्त्र प्रहरी बल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २ गते निधन भएको छ । उहाँको असोज १६ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचाप र मधुमेहले ग्रसित हुनुहुन्थ्यो । काठमाण्डौका ४० वर्षीय पुरुषलाई श्वासप्रश्वासमा समस्या भई असोज २० गते वीर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २ गते निधन भएको छ । उहाँको असोज २७ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ दिर्घ मृगौला रोगले ग्रसित हुनुहुन्थ्यो । सामाखुसी, काठमाण्डौका ८० वर्षीय पुरुषलाई श्वासप्रश्वासमा समस्या भई असोज २७ गते ब्लु क्रस अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक १ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च मधुमेह र थाइराएडको समस्याले ग्रसित हुनुहुन्थ्यो ।

- चोर्चा-७, भक्तपुरकी ५२ वर्षिया महिलालाई निमोनिया भई असोज २६ गते धुलिखेल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २ गते निधन भएको छ ।उहाँको असोज २८ गते कोभिड-१९ पुष्टि भएको थियो । सुर्यविनायक, भक्तपुरकी ४४ वर्षिया महिलालाई असोज २६ गते बि एण्ड बि अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २ गते निधन भएको छ ।उहाँको कार्तिक २ गते नै कोभिड-१९ पुष्टि भएको थियो । मध्यपुर=५, भक्तपुरका ८८ वर्षिय पुरुष असोज २६ गते मुटुको समस्या भई नेपाल कोरिया मैत्री अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २ गते निधन भएको छ ।उहाँको असोज ३० गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ दमको समस्याले ग्रसित हुनुहुन्थ्यो |

- एकान्तकुना, ललितपुरका ७८ वर्षिय पुरुष असोज १४ गते निमोनिया भई मेडिसिटि अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २ गते निधन भएको छ ।उहाँको असोज २४ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मुटुरोगले ग्रसित हुनुहुन्थ्यो | गोदावरी, ललितपुरका ६२ वर्षिय पुरुष असोज ३० गते निमोनिया भई मेडिसिटि अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २ गते निधन भएको छ ।उहाँको असोज ३० गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ दिर्घ मृगौला रोगले ग्रसित हुनुहुन्थ्यो |

- भरतपुर-४, चितवनका ७६ वर्षिय पुरुषलाई निमोनिया भई  असोज २० गते चितवन मेडिकल कलेजमा  भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ। उहाँको असोज २० गते  कोभिड-१९ पुष्टि भएको हो । उहाँ उच्च रक्तचाप, प्रोस्टेट र थाईराएडको समस्याले  ग्रसित हुनुहुन्थ्यो | सिन्धुलीका ५० वर्षीय पुरुषलाई असोज ४  गते त्रि वि शिक्षण अस्पतालमा  भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ ।उहाँको असोज २३  गते कोभिड-१९ पुष्टि भएको थियो | उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७६३७  वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरिएकोमा हाल ३०५  जना बसिरहनुभएको छ भने १४०६ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४५५५ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७४७ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १७२२५ जना  होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १३६०४६ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय स्थनीय र केन्द्रीय तहबाट संकलन भएका  केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा  समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ  ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरण  लाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका# | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | १०४८१ | ५३१६३ | ४६७७८ | २००८ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २८१८ | ११२३४ | ६५५० | २८१ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | १३८५ | ११५२५ | ४४६४ | ९९ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ३ | ९ | १३०० | ३४ | २ | |
| नुवाकोट | ५४९ | ३ | ७० | ० | २१ | ७७ | ५७१० | ४१३ | २५ | |
| धादिङ | ३१५ | ० | १८ | १३७ | ५४ | २८३ | ४९२५ | ८७० | २१ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | ९१५ | १५७७९ | ३६०८ | ९० | |
| सिन्धुली | ३१३ | १७ | २५ | ४३ | २० | १०६ | ३६७५ | ३१८ | ४ | |
| मकवानपुर | १५५ | ४ | ० | २४५ | ८५ | ६९६ | १३७४८ | २५८४ | ९६ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | ३७ | १४७९ | २९४ | ७ | |
| दोलखा | १९३ | २ | ३ | ४४ | १० | ५ | २३०७ | २१० | ४ | |
| काभ्रेपलान्चोक | ६२२ | १४ | ५९ | १७६ | ९१ | ३१८ | ५८६९ | १२४२ | ८० | |
| सिन्धुपाल्चोक | ७५४ | ६ | १०१ | १२६ | ५१ | ९५ | ५३३२ | ३६० | १२ | |
| जम्मा | ७६३७ | ३०५ | १४०६ | ४५५५ | ३७४७ | १७२२५ | १३६०४६ | ६७७२५ | २७२९ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- **संक्रमितको खोजी र फलो-अप कार्य**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १०६०० | ६७३ | ८३५ | १२० जना: काभ्रेपलान्चोक-५८, सिन्धुली-२०, धादिङ-१६, भक्तपुर-१०, दोलखा-६, रामेछाप-३, उदयपुर-१ सिन्धुपाल्चोक-२, फलोअप-४ | ३६१ | |
| VBDRTC, हेटौंडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २८६०७ | ३२७ | ८७ | २४ जना: मकवानपुर-२३, चितवन-१, इटहरी-१ | ६३ | |

धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा आज प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश: http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट व्यबस्थापन केन्द्र: ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा: http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपाल: https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई